# स्थानीय राजपत्र

## बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

### खण्ड २ बुटवल, माघ १० गते, २०७५ साल संख्या ११

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग १

**बुटवल उप-महानगरपालिकाको नगर सहकारी ऐन, २०७४ (पहिलो) संशोधन ऐन, २०७५**

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप स्थानीय स्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वालम्वन र पारष्परिकताको आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न समुदायमा आधारित, सदस्य केन्द्रीत, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्द्धन गर्न, सहकारी व्यवसाय लगायत सबै प्रकारका उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायको आधारमा आत्म निर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन नगर सहकारी ऐन, २०७४ मा संशोधन गर्न वाञ्छनीय भएकोले बुटवल उप-महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**परिच्छेद १**

१ **संक्षिप्त नाम र प्रारम्भ**

   १.१ यो ऐनको नाम "**बुटवल उप-महानगरपालिकाको नगर सहकारी ऐन, २०७४ (पहिलो) संशोधन ऐन, २०७५**" हुनेछ ।

   १.२ यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२. **परिभाषा:** ऐन भन्नाले "बुटवल उप-महानगरपालिकाको नगर सहकारी ऐन, २०७४" बुझाउने छ ।

**परिच्छेद २**

ऐनको परिच्छेद ९ दफा ४१ को उपदफा २ मा संशोधन गर्ने ।

३. (क) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पुंजीको २० प्रतिशत भन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन ।

आज्ञाले

प्रमाणीकरण मिति: २०७५/१०/०८

राजेन्द्र सिग्देल

नि. प्रमुख प्रशासकीय अधिकृत